'भेन्टिलेटरमा' संविधान

पृष्ठ १ बाट

कार्कीको नेतृत्वमा सरकार गठन गर्दा राष्ट्रपतिले संविधानको मात्र उल्लेख गरेका छन् । उनले ६ महिनाभित्र निर्वाचन गराउने अधिकारसहित कार्कीलाई प्रधानमन्त्री नियुक्त गरेका हुन् । सोही सरकारले प्रतिनिधिसभाको दुई वर्षभन्दा बढी अवधि बाँकी रहँदै विघटन गरी फागुन २१ गतेका लागि निर्वाचनको मिति तोकेको छ ।

संवैधानिक व्यवस्थाविपरीत गएर प्रतिनिधिसभा विघटन गरेको भन्दै पुराना आठ राजनीतिक दलले विरोध जनाएका छन् तर राष्ट्रपति पौडेलले भदौ २८ गते विज्ञप्ति जारी गर्दै बडो जुक्तिले निर्वाचनको वातावरण बनाएको दाबी गरेका छन् । त्यसलाई उपयोग गर्न उनले सबैलाई आग्रह गरेका छन् । 'देशको अत्यन्त असहज, विषम र भयपूर्ण परि स्थितिमा कठिन प्रयत्नपश्चात् एउटा शान्तिपूर्ण निकास निस्किएको छ । संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ,' राष्ट्रपतिको विज्ञप्तिमा भनिएको छ । तर पुराना दलहरूले त्यसलाई स्वीकार गरिसकेका छैनन् भने विद्रोहपछि सत्तासीन पक्षले वर्तमान संविधानले गरेका व्यवस्था र प्रावधानलाई कसरी अघि बढाउँछन् भन्ने पनि अझै स्पष्ट भइसकेको छैन ।

संविधानले राजनीतिक स्थायित्वसहित सबै जात, समुदाय र भूभागको अधिकारलाई समेटेको दाबी गरिए पनि दलीय व्यवहारका कारण जनता त्यसमा विश्वस्त थिएनन् । संविधानलाई कामकाजी बनाउनुको साटो उल्लंघन गर्न पुराना दलहरू लागिपरेको आरोप लाग्दै आएको थियो । सोहीबेला भएको दुई दिने विद्रोहले संविधानका आधारभूत विषयमा थप प्रश्न उठ्नुका साथै यसको सुदृढ भविष्यमाथि आशंका उब्जाएको छ ।

पुराना राजनीतिक दलहरूमा संसद् विघटन र निर्वाचनको घोषणका विषयमा एकमत नरहेको स्पष्ट हुन्छ । यद्यपि कुनै पनि दलले निर्वाचनमा जाने वा नजाने औपचारिक निर्णयमा पुगिसकेका छैनन् । डिरेल भएको वर्तमान संविधानलाई लिगमा ल्याउन अब निर्वाचन नै एक मात्र विकल्प भएको कतिपय नेताहरूको बुझाइ छ । तर वर्तमान सरकार र पक्ष समयमा निर्वाचन गराउनभन्दा संविधानका आधारभूत तत्त्वमाथि नै प्रहार गरेर संक्रमणकाल लम्ब्याउँदै जाँदा वर्तमान संविधान थप संकटमा पर्ने अवस्था आउन सक्ने विश्लेषण गर्नेहरू पनि छन् । त्यसले संघीय लोकतान्त्रिक गणतन्त्र मात्र होइन, देशको भाग्य र भविष्य पनि अप्ठेरोमा पर्न सक्ने उनीहरूको दाबी छ ।

संघीयताको अभ्यास गर्ने थलो प्रदेशहरू सत्ता स्वार्थले सबैभन्दा धेरै आलोचित र अराजनीतिक बन्दै सरकार गठन र विघटनमा रुमलिन पुगेका छन् । सत्ता टिकाउन सांसद अपहरण, मन्त्रालय विभाजन गर्ने काम हुँदा प्रदेश सरकारहरू विकृतिको थलो बनेको गुनासो अहिले जनस्तरबाट आएको छ । अस्थिर सरकारका कारण मुलुकको आर्थिक विकास हुन नसकेको भन्दै नयाँ संविधानले प्रतिनिधिसभा विघटन र प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्तावका विषयमा विशिष्ट व्यवस्था गरिएको थियो र छ । तर पार्टीभित्रको आन्तरिक कलहको व्यवस्थापन गर्न नसक्दा र व्यक्तिगत महत्त्वाकांक्षा पूरा नहुँदा पटकपटक प्रतिनिधिसभा विघटन भएका छन् ।

कार्यकारी प्रमुखको हठलाई संविधानको संरक्षक राष्ट्रपतिले ध्यान दिन नसक्दा लोकतान्त्रिक गणतन्त्रको प्रतीक राष्ट्रपतिको गरिमा र भूमिकामाथि पनि यसबिचमा प्रश्न नउठेको होइन । कार्यपालिकाको प्रमुखलाई जथाभावी गर्नबाट रोक्न र फेर्नसमेत व्यवस्थापिका असफल हुँदा नेता तथा नेताहरू सत्तास्वार्थ मिल्दा संविधान र कानुनविपरीत सबै कार्यलाई जायज ठान्ने तर स्वार्थ बाझिँदा त्यसविपरीत उभिनेपरिपाटीलेव्यवस्थापिका संसद्को प्रभावकारितामा प्रश्न उठ्दै आएको थियो ।

संविधानले दलतन्त्र होइन, लोकतन्त्र हाबी हुने परिकल्पना गरेको भन्दै पछिल्लो पुस्ताको आन्दोलनबाट यावत् पक्षमा सुधारको अपेक्षा गरिएको छ । तर आन्दोलनका बलमा सत्तामा पुगेका पक्ष र समूहहरूको ध्यान सुधारभन्दा संविधानका मूल विशेषताहरू संघीयता, मिश्रित निर्वाचन प्रणालीका साथै शासकीय स्वरूपमा परिवर्तनतर्फ उद्यत् भएका छन् । संघीयता खारेज गर्दै मुलुकमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गर्ने उनीहरूको चाहना रहेको निकट स्रोतहरूको दाबी छ । यदि उनीहरूले संविधानका यी आधारभूत विषयमा संशोधन गर्न लागिपरे भने तोकिएको मितिमा निर्वाचन पनि नहुने र वर्तमान संविधान थप संकटमा पर्ने देखिन्छ ।

संविधानविद् विपीन अधिकारीले सरकारले राजनीतिक दलहरूलाई तह लगाउने भ्रमबाट मुक्त रहेर काम गर्नुपर्ने बताएका छन् । बुधबार नागरिक फ्रन्टलाइनमा कुराकानी गर्दै अधिकारीले भने, 'राजनीतिक दलबिना हाम्रो लोकतन्त्र चल्दैन ।' अहिले संविधान सुरक्षित छ कि छैन भन्ने गाह्रो प्रश्न रहेको बताउँदै उनले थपे, 'राष्ट्रपति आश्वास्त हुनुहुन्छ । सेनाले हात हालेको भन्ने आरोप छ, त्यसो देखिँदैन । सेनाबाट असुरक्षित छ भन्ने लाग्दैन । बाहिरका डिजाइन छ भने भन्न सकिँदैन ।'

संविधान बाँचे...

यसले गर्दा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको मागसमेत गरिएको छ । प्रमुख राजनीतिक दलका शीर्ष नेताले संविधान जारी गर्नुपूर्व नै संविधानले लोकतन्त्र, राष्ट्रिय हित, एकता र समृद्धिको बाटो अँगीकार गरेको दाबी गर्दै संविधानले सुधार र समयसापेक्ष परिवर्तनका तयार रहेको बताए पनि अहिलेसम्म उनीहरूले संशोधनको खाका ल्याउन सकेनन् र संशोधनको मुद्दालाई सत्तासँग साटिरहे ।

संविधान जारी भएको पहिलो दशकमा धेरै उत्साहका विषय सार्वजनिक हुनुपर्ने थियो । यसले आम नागरिकमा अपनत्व कायम गर्दै आर्थिक तथा सामाजिक क्षेत्रमा अपेक्षित उपलब्धि हुनुपर्ने हो । तर आज संविधान आफैं समाप्त हुने अवस्थाबाट जोगिएको छ । गत महिना २३ र २४ गतेको जेनजी आन्दोलनले झन्डै यसको अन्त्य गराएको हो । संविधान जोगिएको छ । एउटा लोकतान्त्रिक संविधान मुलुक र मुलुकवासीको दीर्घकालीन हितका निम्ति अनिवार्य छ । त्यसमा पनि संविधानसभाबाट जारी गरिएको संविधानका अनेकन् सकारात्मक पक्ष छन् । तिनलाई संरक्षण गर्दै सुधार गर्नुपर्ने पक्षमा सुधार पनि गर्दै अगाडि बढ्नुपर्ने अवस्था छ ।

कार्यान्वयन...

'संविधान संशोधनलाई ठुला दलहरूले हातीको देखाउने दात बनाए, सत्तारोहण र भागबण्डा मिलाउनका लागि संविधान संशोधनको विषय उठाए तर भनेअनुसार काम गर्न सकेनन् । जसका कारण जनतामा असन्तुष्टि उत्पन्न भयो', प्राध्यापक पोखरेलले भने ।

पोखरेलका अनुसार संविधानमा पुनरवलोकन स्वाभाविक छ, जेनजी आन्दोलनले पनि यसमा पुनरवलोकनको आवश्यकता देखाएको छ । जेनजी आन्दोलनपछि गठन भएको सरकार अन्तरिम भएकाले यसबाट धेरै अपेक्षा गर्न सकिँदैन । अन्तरिम सरकारलाई शान्ति सुरक्षा कायम गर्ने र समयमा निर्वाचन गराउने जिम्मेवारी मात्रै छ । त्यसकारण यो सरकारबाट संविधान संशोधनको विषय सम्बोधन हुन सक्दैन । विज्ञहरूका अनुसार संविधान संशोधनको अजेन्डासहित चुनावमा जान सकिन्छ । 'अहिले संविधान डिरेल हुन नदिने हो, अब संविधान संशोधनको अजेन्डासहित दलहरू चुनावमा जानुपर्छ । केके कुरा संशोधन गर्ने हो त्यो पनि जनताका माझ राख्नुपर्छ । जेनजीहरूकै पहलमा राजनीतिक दलहरू बन्नुपर्छ', प्राध्यापक पोखरेलले भने ।

प्रतिनिधिसभा विघटन नहुँदा पनि संविधान संशोधनको प्रयास गर्दा राजनीतिक दलहरूबिच असहमति देखिएको थियो । मधेस आन्दोलनका क्रममा उठाइएका मुद्दाहरू सम्बोधन गर्न पनि संविधान संशोधन प्रस्ताव आएको थियो तर संशोधनका लागि संसद्मा दुई तिहाइ मत पुग्ने अवस्था देखिएन । संविधान संशोधनले कतै राष्ट्रको एकता कमजोर बनाउने त होइन भन्ने चिन्ता पनि व्यक्त भयो । विशेषगरी प्रदेश सीमांकन, नागरिकताको प्रावधानसहित केही विषय संवेदनशील भएकाले संशोधन गर्नुअघि पनीभूत छलफल आवश्यक रहेको भन्दै दलहरूले थाती राखेका थिए । संविधान संशोधन प्रक्रिया कानुनी रूपमा जटिल छ । यसमा न्यायालयको

पृष्ठ १ बाट

भूमिका पनि महत्त्वपूर्ण हुन्छ । संशोधन संविधानको प्रस्तावनासँग बाझिएमा सर्वोच्च अदालतले त्यसलाई असंवैधानिक ठहर गर्न सक्ने भएकाले यसमा न्यायालयको भूमिका पनि महत्त्वपूर्ण छ ।

वरिष्ठ अधिवक्ता विपिन अधिकारीले संविधान संशोधन अब आउने संसद्बाट मात्रै हुने बताउँछन् । उनले अहिलेको संविधानअनुसार निर्वाचन हुने र त्यही निर्वाचनपछि बन्ने संसद्को दुई तिहाइ बहुमतबाट मात्रै संविधान संशोधन हुने बताए । 'अहिले निर्वाचन गराउनका लागि अन्तरिम सरकार बनेको छ, निर्वाचनपछि बन्ने संसद्को दुई तिहाइले संविधान संशोधन गर्न सक्छ । त्यसका लागि दलहरू अजेन्डा बनाएर जनतामाझ जानु आवश्यक छ', अधिकारी भन्छन् ।

सबैको...

'यो संसद् र यो संविधान अब दुवै सँगै जान सक्दैनन्,' आचार्यले भनेका थिए, 'तपाईं यी दुईमध्ये एक रोज्न सक्नुहुन्छ ?' उनले भने जस्तै भयो । अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को प्रतिनिधिसभा भंगको घोषणा गरे । संविधान जोगियो । 'देशको अत्यन्त असहज, विषम र भयपूर्ण परिस्थितिमा कठिन प्रयत्नपश्चात् एउटा शान्तिपूर्ण निकास निस्किएको छ । संविधान बचेको छ,' राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २८ को वक्तव्यमा भनेका छन्, 'संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन् ।' राष्ट्रपति पौडेलको वक्तव्यमा बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैंमा सम्हालिँदै आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्य चुनाव सम्पन्न गराउन सबै पक्षलाई अपिल गरिएको छ ।

संविधान जोगाउन जेनजीको सुझबुझपूर्ण निर्णयले पनि काम गरेको छ । 'तत्कालीन प्रधानमन्त्रीले राजीनामा दिइसकेपछि हामीले आन्दोलनका सबै कार्यक्रम फिर्ता लिएको जनाएका थियौं तर फेरि पनि यही प्रतिनिधिसभाबाट अर्को व्यक्तिले सरकार बनाउने भएपछि संविधान जोगाएर जनतामाझ नयाँ जनादेश लिन जानुको विकल्प थिएन,' जेनजी विद्रोही रक्षा बमले नागरिकसँग भनिन्, 'त्यसैले हामीले प्रतिनिधिसभा विघटनको माग अघि सारेका हौं ।'

बमको जस्तै धारणा अर्का जेनजी अगुवा धिरज जोशीको पनि छ । लोकतन्त्रको विकल्प नभएको उनको भनाइ छ । आफूहरूले लोकतन्त्रविरुद्ध आन्दोलन नगरेको उनी बताउँछन् । 'लोकतन्त्रलाई ड्राइभ गर्ने व्यक्तिहरू गलत भए, व्यवस्था परिवर्तन होइन, अवस्था परिवर्तन गर्न खोजेका हौं', जेनजी अगुवा जोशीले भने ।

संविधानविद् विपिन अधिकारी प्रतिनिधिसभा भंग भएर पनि संविधान जोगिएकोमा खुसी व्यक्त गर्छन् । सकभर संसद्बाटै कोही एक सर्वसम्मत छानेर उसैको नेतृत्वमा सरकार बनाउन सकिने बताउँदै आएका उनले परिस्थितिले कोल्टे फेर्दा यस्तो स्थिति आएको सुनाउँछन् । 'अब अहिले संविधान सुरक्षित छ कि छैन भन्ने छ तर राष्ट्रपति संविधानका बारेमा आश्वस्त हुनुहुन्छ जस्तो लाग्छ,' उनले भने, 'नेपाली सेनाले कुशलतापूर्वक संकट समाधानमा सघाएको छ ।'

अधिकारीले भने जटिल परिस्थितिमा प्रतिनिधिसभा विघटनको कठोर निर्णय राष्ट्रपतिबाट भएको हो । यो कदमले तत्कालीन राजनीतिक संकटलाई निकास दिएर संविधान बचाएको धेरैको बुझाइ छ । त्यस्तै सुरक्षाकर्मी, नागरिक समाज, र राजनीतिक दलका नेताहरूको भूमिका पनि संविधान जोगाउन सहयोगी रह्यो । संविधान 'साझा घर' हो भन्ने सोचले सबैलाई एकै ठाउँमा उभिन कर लाग्यो ।

यसैबिच राष्ट्रपति पौडेललाई भेटेर नागरिक अगुवाले संविधानमा ग्रहण लागेको टिप्पणी गर्दै चुनावमार्फत समस्या समाधानका लागि आग्रह गरेका छन् । १४ जना नागरिक अगुवाले बिहीबार राष्ट्रपति पौडेललाई भेटेर यस्तो आग्रह गरेका हुन् । 'विषम र असाधारण राजनीतिक संकटका बेला सम्माननीय राष्ट्रपतिले यथाशक्य संविधानको रक्षा गर्दै देशलाई अराजकताको दिशातर्फ जानबाट रोक्नुभएको छ,' नागरिक अगुवाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ, 'दलहरूको समेत सहमतिमा अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गर्न उहाँले निर्वाह गरेको भूमिका सराहनीय भएको हाम्रो निष्कर्ष छ ।'

सकारात्मक पक्ष

असोज ३ गते संविधान दिवस मनाइँदै छ । २०७२ साल असोज ३ गते संविधानसभाबाट संविधान जारी भएको उपलक्ष्यमा बर्सेनि संविधान दिवस मनाइँदै आएको छ । संविधान दिवसमा संविधानलाई स्मरण गर्ने मात्र होइन, यसको मूल्य र महत्त्वलाई जनतालाई बुझाउनुपर्छ । संविधानमा समावेशी लोकतन्त्र छ । यसले संघीयता, समावेशिता, समानुपातिक प्रतिनिधित्वलाई संस्थागत गरेको छ । यसले राज्यका हरेक निकायमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गरेको छ । त्यस्तै दलित, आदिवासी, मधेसी, थारु, मुस्लिम, जनजाति समुदायलाई समान अवसर संविधानले प्रदान गरेको छ ।

त्यस्तै संविधानले केन्द्र, प्रदेश र स्थानीय तहबिच अधिकार बाँडफाँट गरेर शक्ति विकेन्द्रीकरण गरेको छ । यसले शासनलाई नागरिकको नजिक पुऱ्याएको को छ । शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षाजस्ता मौलिक हक संविधानमै व्यवस्था गरिएको छ । धर्म निरपेक्षता र समान अधिकारको ग्यारेन्टी संविधानले गरेकाले यो सबै नागरिकको साझा घर बनेको हो ।

स्वतन्त्र न्यायालय, प्रेस स्वतन्त्रता, मानव अधिकार आयोगको व्यवस्था पनि संविधानले गरेको छ । यसले सत्ता सन्तुलन र नागरिक अधिकारको सुरक्षा गर्ने आधार तयार गरेको छ । संविधानमा जात, लिंग, भाषा, धर्मका आधारमा विभेद नगर्ने स्पष्ट प्रावधान छ । सामाजिक न्याय र समानतामा आधारित आर्थिक विकासको परिकल्पना पनि संविधानले गरेको छ । संविधानमा मौलिक हकसँगै कर्तव्यको व्यवस्थाले नागरिकलाई जिम्मेवारीबोध गराएको छ । धेरै सकारात्मक पक्ष हुँदाहुँदै पनि संविधानमा संशोधनको आवश्यकता पनि महसुस भएको छ । त्यसैले अब यसलाई आवश्यक संशोधन गरी दीर्घकालसम्म जोगाउनुपर्छ भन्ने मान्यता बलियो बन्दै छ ।

जीतपुरसिमरा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा

मधेश प्रदेश, नेपाल

आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।०६।०३)

यस कार्यालयबाट मिति २०८२/०५/१७ गते प्रकाशित प्राविधिक प्रस्ताव छनौट सम्बन्धी आशयको सार्वजनिक सूचना बमोजीम सफल बोलपत्रदाताहरुको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७९ बमोजिमको प्रकियाबाट आर्थिक प्रस्ताव खोली सार्वजनिक खरिद ऐनको दफा २५ र नियमावलीको नियम ६१, ६४, ६५ बमोजीम आर्थिक मुल्याङ्न गरि न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागी छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम	बोलपत्रदाताको कबोल रकम (मु.अ.कर सहित)
RE:JSMC/NCB/ WORK/29-2081/82	Construction Of Bakuliya Khanepani Project	PR-TB JV (M/S P.R Builders/ Thapa Bothers JV), sankata-Newroad, Kathmandu	रु २,३७,७५,३३९।१९

प्रमुख प्रशासकिय अधिकृत

नमोबुद्ध नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेसी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भएर बग्ने रोशी खोलाअन्तर्गतको नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः २०८२/०६ /०३

स्थानीय सरकार संचालन ऐन, २०७४को दफा (११) कोउपदफा (२) कोखण्डघ (६) र बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को दफा ९ (१) र सो सँग सम्बन्धित अनुसूची ५ मा भएको व्यवस्था अनुसार बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नमोबुद्ध नगरपालिकाले तोकेको देहाय बमोजिमको आन्तरिक आयसम्बन्धी बोलपत्र बढावढको माध्यमबाट गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन उल्लेखित दर बमोजिम संकलन गर्ने गराउने गरी यस नगरक्षेत्र भित्र उत्पादन गरिएका दहत्तर बहत्तरको बिक्री तथा निकासी शुल्क संकलन कार्यमा बोलपत्र पेश गर्न ईच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी नगरपालिकाको कार्यालयबाट बोलपत्रसम्बन्धी कागजात **(e–Bid Document)** ३०औं दिन भित्र खरिद गरी ३१औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

सि.नं	ठेक्का नं	कर तथा दस्तुर संकलन क्षेत्र	२०८३ जेष्ठ मसान्तसम्मको लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) र परिमाण	बोलपत्र फारम दस्तुर रु.	धरौटी/जमानत रकम
१.	NMUN/IR/ 01/082/83	काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भएर बग्ने रोशी खोला बगर (चौकीडाँडा पहिरो (राजमार्ग छिनेको ठाउँ) देखि पोटा खोला दोभान खण्डसम्म) बाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) रिपोर्ट अनुसार नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खन्न् तथा संकलन कार्य	रु. १,५१,०२,०९७/९२ (अक्षेरुपी एक करोड एकाउन्न लाख दुई हजार सन्तानब्बे रुपैयाँ पैसा बयानब्बे मात्र) (परिमाण ६१,१५२ घ मि. २१,५७,४४२/५६ घ फिट)	रु. ३,००० (अक्षेरुपी तीन हजार मात्र)	४,५०,०००/-
२.	NMUN/IR/ 02/082/083	काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिका भएर बग्ने रोशी खोला बगरपोटा खोला दोभान देखि शनि खोला दोभान खण्डबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) रिपोर्ट अनुसार नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरणमैत्री रुपले उत्खन्न् तथा संकलन कार्य	रु. १,४५,२१,२४८ (अक्षेरुपी एक करोड पैंतालीस लाख एक्काइस हजार दुई सय अठ्चालीस मात्र) (परिमाण ५८,८०० घ मि. २०,७४,४६४ घ फिट)	रु. ३,००० (अक्षेरुपी तीन हजार मात्र)	४,३०,०००/-

नोटः यस सम्बन्धी बिस्तृत सूचना कार्यालयको वेबसाईट namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

सभामुख...

पृष्ठ १ बाट

खनालले संविधान जारी भएपछिका सरकारले चाहिँ संविधान कार्यान्वयन नगरेको र देश अहिले संकटपूर्ण अवस्थामा आइपुगेको बताए ।

इलामकै एमाले नेता एवं पूर्वसांसद महेश बस्नेतले सबै जाति, भाषा सम्प्रदाय र क्षेत्रलाई समेत सम्बोधन हुनेगरी सहमतिको संविधान बनाउन नेम्वाङले अतुलनीय योगदान गरेको बताए । 'स्वभावले पनि उहाँलाई साथ दिएको हुनुपर्छ, सबै दलको सहमति जुटाएर संविधान जारी गर्ने अवस्था सिर्जना गर्नु चानचुने भूमिका होइन,' बस्नेतले भने, 'द्वन्द्वमा रहेको देशलाई संविधान निर्माणमार्फत निकास दिने कामको नेतृत्व गर्ने नेम्वाङ सबैको अविस्मरणीय पात्र हुनुहुन्छ ।'

बस्नेतले जिल्लाको विकासमा समेत नेम्वाङले महत्त्वपूर्ण काम गरेको बताए । 'उहाँले लामो समय इलामको प्रतिनिधित्व गर्नुभयो, उहाँसँग आशा धेरै हुन सक्छन्, सबै पूरा हुने, सबै सन्तुष्ट हुने त कुरा हुँदैन,' बस्नेत भन्छन्, 'नेतृत्व गरुञ्जेल उहाँले आफूले निर्वाह गर्नुपर्ने भूमिका कत्तिको गर्नुभयो, कत्तिको प्रयत्न गर्नुभयो भन्ने हेर्नुपर्छ, सकेसम्म राम्रै कामका लागि प्रयत्न गर्नुभएको छ ।'

नेपाली कांग्रेस इलाम जिल्लाका सचिव पूर्णप्रसाद गौतमले २००७ सालदेखि नेपाली जनताले आफैं लेख्ने सपना देखेको संविधान २०७२ सालमा नेम्वाङको नेतृत्वमा सफल भएको बताए । 'यो ऐतिहासिक काम गर्ने जिम्मेवारी नेम्वाङले चुनौतीपूर्ण अवस्थामा पनि पार लगाउनुभयो,' गौतमले भने, 'तत्कालीन प्रधानमन्त्री सुशील कोइराला र सुवास नेम्वाङको योगदानकै कारण जनताको संविधान जारी हुन सम्भव भयो ।' गौतमले संविधान परिवर्तनीय दस्तावेज भएकाले नागरिकको आवश्यकताअनुसार यसलाई परिमार्जन गर्न सकिने बताए । 'लोकतन्त्र, गणतन्त्र, संघीयताजस्ता उपलब्धिलाई यथावत राखेर अहिले पनि धेरै विकल्प यही संविधानबाट खोज्न सकिन्छ,' गौतमले भने ।

गौतमले जिल्लाको विकास निर्माणमा नेम्वाङले सकेको प्रयत्न गरेको पनि बताए । 'विकास निर्माणको कुरामा चाहिँ कतिपय पद्धतिगत, प्रक्रियागत जटिलता पनि थिए होला,' उनले भने, 'निर्वाचनका बेला सपना बाँड्ने र पूरा नहुँदा नागरिक असन्तुष्ट हुने समाज हो हाम्रो ।' नेम्वाङको तहमा पुगेको नेताबाट विकासको क्षेत्रमा पनि निकै ठुलो अपेक्षा नागरिकले राख्नु स्वाभाविक भए पनि डाडडुङ नगरी शान्त हिसाबले सकेको प्रयत्न भने उनले गरेको गौतम बताउँछन् ।

नागरिक समाजका अगुवा तथा नेम्वाङका अर्का सहपाठी धर्म गौतम विषम अवस्थामा नेम्वाङको नेतृत्वमा देशले संविधानसभाबाट संविधान पाएको बताए । 'निकै जटिल अवस्थामा निर्माण भएको संविधान हो । अहिले मुलुकमा संकटको घडीमा आउनु विडम्बनापूर्ण छ,' उनले भने, 'संविधानमा कहाँकतै त्रुटि छन् भने सच्याउनुपर्छ तर यसको उपलब्धि जोगाउनुपर्छ ।' उनले फागुनका लागि घोषित निर्वाचन सफल बनाएर संविधान जोगाउनुपर्ने सुझाए ।

निर्वाचन क्षेत्र र जिल्लाको विकास निर्माणको सन्दर्भमा गौतमले सांसद वा संविधानसभामा निर्वाचित प्रतिनिधिको काम विकास गर्नु नभएको बताए । 'हामीमा लामो समयदेखि गलत मानसिकता हाबी छ, कानुन बनाउन पठाइएका प्रतिनिधिले बजेट ल्याउने, विकास गर्ने होइन, त्यो सरकारको काम हो,' गौतमले भने, 'विकासको पाटो त सरकारको पो हो भन्ने सबैले बुझ्नुपर्छ । यद्यपि अहिले धेरैलाई सांसदले नै बजेट ल्याउँछन्, विकास गर्छन् भन्ने लाग्छ ।'

इलाम नगरपालिकाका उपप्रमुखसमेत रहेकी कांग्रेस नेतृ विष्णु दाहालले संविधान बनाउन नेम्वाङको भूमिका अतुलनीय रहेको बताइन् । 'संविधान जारी गर्न सजिलो थिएन,' उनले भनिन्, 'तर नेम्वाङले कुशलतापूर्वक आफ्नो भूमिका निर्वाह गर्नुभयो, संविधान जारी भयो ।' उनले नेम्वाङ स्वभावले पनि सबैको कुरा सुन्ने, कसैलाई नबिझाउने बौद्धिक नेता भएको बताइन् । 'मेरो त बडा (इलाम ७) कै छिमेकी पनि हुनुहुन्थ्यो नेम्वाङ, देशको त्यो स्थानमा पुगेर देशलाई संविधान दिने कामको नेतृत्व उहाँले गर्नुभयो, यो गर्वको विषय हो,' उनले भनिन् ।

एमाले इलाम जिल्ला अध्यक्ष गणेशप्रसाद बरालले नेम्वाङलाई 'संविधानको पिता' भन्दा अनुपयुक्त नहुने बताए । 'बाहिरबाट हेर्दा संविधान जारी गर्न जति जटिल थियो, नेम्वाङले भन्नुभएका भित्री जटिलता अझ भयानक थिए,' बरालले भने, 'समग्रमा निकै चुनौती मोलेर संविधान बन्यो, जारी गर्न पनि उत्तिकै गाह्रो थियो । तर नेम्वाङको कुशलताले सम्भव भयो ।'

बरालले अहिले संविधानको विषयमा चर्चा भइरहेका बेला नेम्वाङको दूरदर्शिताको उचाइ अझ बढेको बताए । 'अहिले संविधानबारे जुन चर्चा भइरहेको छ, यो संकटमा पनि संविधान बचाउनुपर्छ भन्ने सबैको धारणाले यसको महत्त्व बताउँछ,' बरालले भने, 'नेम्वाङले आफैं संविधान संशोधनीय दस्तावेज हो भन्नुभएकै थियो, आवश्यकताअनुसार संशोधन गरेर अघि बढ्नु प्रक्रियागत काम नै हो ।'

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य धीरेन शर्मा रमणले शान्तिप्रक्रिया र संविधान निर्माणमा नेम्वाङको योगदान रहेको बताए । 'नेम्वाङ कानुन र संविधान निर्माणमा अनुभवी व्यक्ति भएका कारण संविधानसभाको सफल नेतृत्वकर्ता हुनुभयो,' उनले भने ।

पुराना दल र नागरिक समाज मात्र होइन, नेम्वाङको योगदानलाई नयाँ दलका नेताले समेत प्रेरणाको स्रोत मान्छन् । राष्ट्रिय स्वतन्त्र पार्टी इलामका सभापति टीका ओडारीले तत्कालीन परिस्थितिमा संविधानसभाको अध्यक्षता गर्दै देशलाई सहज ढंगले संविधान दिलाउने काम नेम्वाङकै कारण सफल भएको बताए । 'उहाँको सरलता, निष्ठा र इमानदारी सबै नेपालीको प्रेरणाको स्रोत बन्नुपर्छ,' ओडारीले भने ।

इलाम नगरपालिका-७, सुन्तलाबारीमा जन्मेका नेम्वाङ २०४८ र २०५१ सालमा राष्ट्रियसभा सदस्य बनेका थिए । २०५१ मा कानुन, न्याय तथा संसदीय व्यवस्था राज्यमन्त्री बनेका उनी केही पछि सामान्य प्रशासन र स्थानीय विकासमन्त्री भएका थिए । २०५६, ७४ र ७९ सालका संसदीय निर्वाचन तथा २०६४ र २०७० सालमा भएका संविधानसभा निर्वाचनमा नेम्वाङ इलामबाट विजयी भएका थिए । संसद्को सार्वजनिक लेखा समितिको अध्यक्ष हुँदै २०६३ वैशाख ३० देखि माघ १ सम्म सभामुख बनेका नेम्वाङ ०६३ माघ ३ पछि पनि पुनः सभामुख भए । २०६४ सालको संविधानसभा निर्वाचनपछि उनी ०६५ साउन १२ देखि २०६९ जेठ १४, २०७० फागुन ६ देखि २०७२ असोज २७ सम्म संविधानसभाको अध्यक्ष र व्यवस्थापिका संसद्को सभामुख भए ।

स्पष्टवक्ता, नम्र स्वभाव, अरू दलका नेतालाई पनि सम्मानजनक व्यवहार गर्ने, सबैसँग मिल्ने, समन्वयकारी, कानुनका ज्ञाता र असल राजनीतिक अभ्यासका धनी नेम्वाङसँग परिचित धेरैलाई लाग्थ्यो- सभामुख भनेकै सुवास नेम्वाङ, सुवास नेम्वाङ भनेकै सभामुख । नेम्वाङको २०८० भदौ २६ गते बिहान हृदयघातका कारण निधन भएको थियो ।

कार्की–मोदी...

पृष्ठ १ बाट

उनले हालैको युवा आन्दोलनमा भएको मानवीय क्षतिप्रति हार्दिक समवेदना प्रकट गर्दै यो महत्त्वपूर्ण घडीमा भारत नेपालको साथमा उभिएको बताएका थिए । प्रधानमन्त्री मोदीले नेपालको राष्ट्रिय दिवस (संविधान दिवस) को अवसरमा शुभकामना पनि व्यक्त गरेका थिए । प्रत्युत्तरमा प्रधानमन्त्री कार्कीले प्रधानमन्त्री मोदीलाई उनको ७५औं जन्मदिनको अवसरमा शुभकामना तथा बधाई दिइन् ।

भारतीय प्रधानमन्त्रीको ऐक्यबद्धताको सन्देशप्रति आभार व्यक्त गर्दै उनले हालैको जेनजी आन्दोलनको भावनालाई सम्बोधन गर्दै आफ्नो सरकारको मुख्य प्राथमिकता निर्वाचन, जवाफदेही, उत्तरदायी र भ्रष्टाचारमुक्त शासन प्रणाली स्थापना गर्नु रहेको स्पष्ट पारिन् । जवाफमा भारतीय प्रधानम